__निर्णयहरु:__

__१. आधिकारिक वारेस मुकरर सम्बन्धमा:__

नेचासल्यान गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९ साल असाढ ३१ गतेको निर्णयले नेचासल्यान गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको २०७९ साल श्रावण १ गतेदेखि करार सम्झौता नविकरण नगर्ने निर्णय भएको अवगत नै छ । उक्त निर्णय अनुसार रिक्त रहेको पदहरुमा प्रचलित कानुन बमोजिम करारमा कर्मचारी पदपुर्ति गर्ने कार्य अन्तर्गत कार्यालय सहयोगी पदमा करारमा कर्मचारी पदपूर्ति गरिसकिएको र बाँकी रहेको अन्य पदहरुमा समेत करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी प्रक्रिया अघि बढिसकेको अवस्था छ । यसै बीच नेचासल्यान गाउँकार्यपालिकाको मिति २०७९ साल असाढ ३१ गतेको निर्णयमा चित्त नबुझाई जिल्ला सोलुखुम्बु साविक नेचा वेतघारी गाविस वडा नं. ४ हाल नेचासल्यान गाउँपालिका वडा नं. ३ वस्ने बालकुमार शर्माको छोरी, नेचासल्यान गाउँपालिकाको रोजगार संयोजकको रुपमा करारमा कार्यरत वर्ष २५ की निशा शर्मा समेत १६ जनाले नेचासल्यान गाउँकार्यपालिकाको कार्यालय र नेचासल्यान गाउँपालिका समेतलाई विपक्षी बनाई सम्मानित उच्च अदालत विराटनगर अस्थायी इजलाश ओखलढुङ्गामा मिति २०७९ साल ४ महिना ५ गते उत्प्रेषण मिश्रित परमादेश निषेधाज्ञा (रि.नं.२०७०-WO-०००१) मुद्दा दायर गरेकोमा सोको लिखित जवाफ पेश गर्ने सम्बन्धमा नेचासल्यान गाउँकार्यपालिकाको कार्यालय, नेचासल्यान गाउँपालिका तथा कार्यपालिकाको सदस्यहरुलाई कारण देखाउ आदेश जारी भएको अवस्था रह्यो । सम्मानित उच्च अदालत विराटनगर अस्थायी ईजलास ओखलढुङ्गाको सो आदेशको सम्मान गर्दै नेचासल्यान गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र नेचासल्यान गाउँपालिकाको हकमा आदेश बमोजिमको लिखित जवाफ पेश गर्नको लागि जिल्ला ओखलढुङ्गा सिद्दिचरन नगरपालिका वडा नं. २ वस्ने वर्ष २९ को **सुदिप केसी** (ना.प्र.नं. १३१०१०/२३२) लाई नेचासल्यान गाउँकार्यपालिकाको कार्यालय तथा नेचासल्यान गाउँपालिकाको कार्यालयको तर्फबाट आधिकारिक वारेस मुकरर गरी कामकाज गर्ने/गराउने निर्णय गरियो । साथै सोही मुद्दाको लागि जिल्ला सरकारी वकिल कार्यालय सोलुखुम्बु, उच्च सरकारी वकिल कार्यालय ओखलढुङ्गा, Sulav Legal and Research Pvt.Ltd., Kathmandu-19, Anamnagar, Nepal मा कानुन व्यवसायीको रुपमा कार्यरत प्रमाणपत्र नं. १६३७८ का अधिबक्ता श्री लोचन कुमार भट्टराई, कानुन व्यवसायी गुरु बहादुर वस्नेतलाई गाउँपालिकाले कानुनी परामर्श र कामकाजको लागि खटाउने निर्णय गरियो ।

**२. कोभिड-१९ विरुद्दको खोप तथ्यांक संकलन सम्बन्धमा ।**

नेचासल्यान गाउँपालिका स्वास्थ्य शाखाको संयोजनमा सम्बन्धित वडा कार्यालय, स्वास्थ्य संस्था तथा महिला स्वास्थ्य स्वयम सेविकाहरु परिचालन गरी नेचासल्यान गाउँपालिकामा कोभिड-१९ विरुद्दको खोप लगाउन बाँकी/छुट/पूरा लगाएको नागरिककहरुको संख्यागत तथ्यांक मिति २०७९ साल भाद्र १५ गते भित्र संकलन गरी जिल्ला विपद व्यवस्थापन समिति सोलुखुम्बुलाई जानकारी दिने तथा संकलित तथ्यांक बमोजिमको आवश्यक खोप प्राप्ति/सुनिश्चितताको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**३. RRT संयोजक सम्बन्धमा ।**

नेचासल्यान गाउँपालिकाको सम्बन्धित वडा भित्रको खोप सञ्चालन गर्ने स्वास्थ्य संस्थाको प्रमुखहरुलाई RRT -Rapid Response Team को संयोजक तोकी खोप सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउने निर्णय गरियो ।